**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२५४

पुनरावेदन नं. ०७७-RB-०४१८

**मुद्दाः– आयकर (२०७२।०७३)।**

का.जि.का.म.न.पा.वडा नं.३० ज्ञानेश्वरमा केन्द्रिय कार्यालय रहेको साविक सेवा विकास बैंक लि. (स्थायी लेखा नं. ३०२४६०८७०) हाल गाभिई कायम भएको कामना सेवा विकास बैंक लि.को तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेत.........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौं.......................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमान्डौं

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री गजेन्द्र कुमार ठाकुर

शुरु कार्यालयको निर्णय मितिः-२०७७।०४।०८

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमान्डौ

निर्णय गर्ने अधिकारीः- महानिर्देशक बिनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७।०८।१८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री डण्डपाणी भट्टराई

: विद्वान अधिवक्ता श्री मुकुन्द प्रसाद पौडेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

पुनरावेदक कम्पनीका हकमा मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमान्डौबाट मिति २०७७।०४।०८ को कर निर्धारणको निर्णय उपर निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा मिति २०७७।०६।०९ मा निवेदन दिएकोमा आयकर ऐन, २०५८ दफा ११५(८) बमोजिमको समयभित्र निर्णय हुन नसकेको भनी आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१. मध्यमस्तरीय करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री सेवा विकास बैंक लि. ले आ.व. २०७२।०७३ को कारोवार सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. १५,६७,४९,२७३।२८ देखाई मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंमा मिति २०७३।०९।२० मा विवरण पेश गरेको।

२. प्रस्तुत करदाता सेवा विकास बैंक लि.को आ.व. २०७२।०७३ को पूर्ण कर परिक्षणको सिलसिलामा आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम वापत दाखिल नगरेको रकम र घटी दाखिल गरेको रकमको ब्याज तथा शुल्क समेत गरि रु.९,४१,१९१।३५ (अक्षरुपी नौ लाख एकचालिस हजार एक सय एकानब्बे रुपैंया पैत्तिस पैसा) मात्र दाखिल गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाण्डौंबाट मिति २०७७।०३।२४ मा जारी भएको सूचना।

३. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमान्डौंबाट मिति २०७७।०३।२४ मा जारी भएको सूचना करदाताले मिति २०७७।०३।२५ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७७।०४।०६ मा पेश गरेको।

४. करदाताले सेवा विकास बैंक लि. मा कार्यरत कर्मचारीलाई सहुलियत दरमा जारी गरेको औषत रकम रु.२,५०,८७,४९१।७३ को औषत ब्याजदर ११.४० प्रतिशतले हुने रकम रु.२८,५९,९७४।०५ लाई आयकर ऐन, २०५८ को दफा ८(२) (ग), २७ (१) (घ) अनुसार प्रमाणिकरण गरी सम्बन्धित कर्मचारीको आयमा समावेश गरी विवरण पेश गर्नु पर्नेमा सो वमोजिम गरेको देखिएन भने रु.१,८०,८००।५५ कर्मचारीलाई प्रदान गरिएको ऋणबाट प्राप्त ब्याज भनी करदाताले पेश गरेको सन्तुलन परिक्षण समेत देखाएको र उक्त रकमलाई नाफा नोक्सान हिसाबको (ब्याज आम्दानी) अनुसुची ४.१८ देखाई आय विवरण

पेश गरेको देखिएकोले यी दुवै रकम समायोजन गर्दा रु.१२,५८,६०७।१९ हुने देखिएको हुदाँ बाँकी रकम रु.१६,०१,३६६।८६ मा पारिश्रमिक आयको उपल्लो दर २५ प्रतिशतले हिसाब गरि अग्रिम कर रु.४,००,३४१।७१,आयकर ऐनको दफा ११९ बमोजिम लाग्ने ब्याज रु. २,४५,२०९।२९ र आयकर ऐन २०५८ को दफा १२० (क) बमोजिम कर रकमको ५० प्रतिशतले हुने शुल्क रु.२,००,१७०।८५ समेत गरी जम्मा रु.८,४५,७२१।८५ माग गर्ने गरी आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंबाट मिति २०७७।०४।०८ मा खडा भएको संशोधित कर निर्धारणको निर्णय।

५. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमान्डौंले मिति २०७७।०४।०८ मा जारी गरेको आ.व. २०७२।०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सेवा विकास बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।०६।०९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. करदाताले मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमान्डौंबाट मिति २०७७।०४।०८ मा भएको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकनको लागि मिति २०७७।०६।०९ मा आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिनभित्र निर्णय गरिसक्नु पर्नेमा सो नभएको कारणबाट आयकर ऐन, २०५८ को दफा ११५(८) तथा दफा ११६ र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ बमोजिम म्यादभित्र यस राजस्व न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदन पत्र।

७. करदाताले यस न्यायाधिकरणमा पुनरावेदन गरेको भनी आन्तरिक राजस्व विभागलाई मिति २०७७।०८।१० मा सूचना दिएको जिकिर गरे पनि सक्कल फाइलमा उक्त सूचना दिई दर्ता भएको नदेखिएको र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट शुरु निर्णय सदर हुने गरी मिति २०७७।०८।१८ मा निर्णय गरेको देखिएको।

८. आन्तरिक राजस्व विभागले मिति २०७७।०८।१८ को निर्णयको जानकारी करदातालाई मिति २०७७।०८।२८ च.नं.७१३ बाट दिएको भनी पत्र मिसिल संलग्न रहेपनि करदाताले पत्र बुझिलिएको भरपाई मिसिल संलग्न नदेखिएको।

९. करदाता सेवा विकाश बैंक लिमिटेडले कर्मचारीलाई दिईएको कर्जाको कुल रकम रु. २,५९,२०,९२९।०० मध्ये रु.५४,३१,३१९।०० कर्मचारीलाई पेश्कीको रुपमा दिएको हो, त्यसपछि बैंकको नियामक निकाय नेपाल राष्ट्र बैंकले निरिक्षणको क्रममा उक्त पेश्की

रकमलाई कर्मचारी कर्जामा परिणत गरि प्रचलित १० प्रतिशत ब्याजदरले हिसाब गरि असुल गर्नु भन्ने निर्देशन बमोजिम उक्त रकम आ.व. २०७३।०७४ मा असुल गरि सो वापतको आयमा समेत आयकर भुक्तान गरिसकेको कुरालाई नमानी विपक्षी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमान्डौंले आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम गरेको संशोधित कर निर्धारण आदेश न्यायोचित छैन। करदाता सेवा विकाश बैंक लिमिटेडले आ.व. २०७२।०७३ मा कर्मचारीलाई दिएको कर्जामा आयकर ऐन, २०५८ को दफा २७(१) (घ) मा उल्लेखित व्यवस्था बमोजिम ७ प्रतिशत ब्याज लिएको र त्यस आ.व. मा साधारण ऋण ब्याजदर ११.४ प्रतिशत भएकोले ४.०४ प्रतिशतको दरले हुन आउने ब्याज मात्र कर्मचारीको तलवमा कर कट्टी प्रयोजनार्थ समावेश गर्नुपर्ने भएकोले आयकर ऐन, २०५८ को दफा २७(१) (घ) बमोजिम नै समावेश गर्नुपर्ने ब्याज रकम कर्मचारीको तलबमा समावेश गरिएको हुदां विपक्षी कार्यालयबाट २०७७।०४।०५ मा दुवै रकम समायोजन गरि रु.१२,५८,६०७।१९ हुने देखिएको भनी बाँकी रकम रु. १६,०१,३६६।८६ मा पारिश्रमिक आयको उपल्लो दर २५ प्रतिशतले हिसाब गरी अग्रिम कर रु.४,००,३४१।७१ र सोमा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.२,४५,२०९।२९ (मिति २०७३ श्रावण देखि २०७७ श्रावण सम्म) र आयकर ऐन, २०५८ को दफा १२० (क) बमोजिम कर रकमको ५० प्रतिशतले हुने शुल्क रु.२,००,१७०।८५ समेत गरी कुल जम्मा रु.८,४५,७२१।८५ माग गर्नेगरि भएको विपक्षी कार्यालयको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत भएको नदेखिंदा सो निर्णय बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको करदाताले यस न्यायाधिकरणमा मिति २०७७।०९।१३ मा दर्ता गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१०।२७ मा भएको आदेश।

## ठहर खण्ड

११. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री डण्डपाणी भट्टराई र श्री मुकुन्द प्रसाद पौडेलले अग्रिम कर माग गर्ने गरी मध्यमस्तरीय करदाता कार्यालयबाट भएको निर्णय आयकर ऐन, २०५८ को मौजुदा कानूनी व्यवस्थाको मर्म र भावना विपरीत छ। राष्ट्र बैंकको मापदण्ड बमोजिमको कर समेत चुक्ता गरिसकेको अवस्थामा सो तर्फ विवेचना नगरी भएको कर निर्धारण आदेश मनोगत र

आत्मपरक भएकाले बदरभागी छ, बदर गरी न्याय निरोपण गरी पाउँ  भनी प्रस्तुत गर्नुभएको वहस समेत सुनियो।

१२. त्यसैगरी प्रत्यर्थी मध्यमस्तरीय करदाता कार्यालय, हरिहरभवन, ललितपुरको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले अग्रिम कर कट्टीका सम्बन्धमा प्रस्तुत मुद्दामा उठेका विवादका विषयमा प्रत्यर्थी मध्यमस्तरीय करदाता कार्यालयबाट भएको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा करदाताको हकमा मध्यमस्तरीय करदाता कार्यालय ललितपुरबाट भएको अग्रिम कर माग गर्ने गरी भएको आदेश मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१४. निर्णयतर्फ विचार गर्दा, मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७७।०४।०८ मा करदाताबाट अग्रिम कर माग गर्ने गरी भएको निर्णय उपर करदाताले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७७।०६।०९ मा आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गरेको तथ्यमा विवाद देखिएन। विभागले आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (८) बमोजिम ६० दिन भित्र निर्णय नदिएको भनी मिति २०७७।०८।१० मा सूचना दिई मिति २०७७।०९।१३ मा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (८) र दफा ११६ बमोजिम न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गरेको पाइयो। यसै बीच आन्तरिक राजस्व विभागबाट मिति २०७७।०८।१८ मा शुरु निर्णय नै सदर गर्ने गरी निर्णय गरेको आन्तरिक राजस्व विभागबाट प्राप्त मिसिलबाट देखिए पनि सो निर्णयको जानकारी रितपूर्वक करदातालाई बुझाइ तामेल भएको देखिन आएन। यस स्थितिमा शुरु निर्णय नै सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय पूर्व परेको प्रस्तुत पुनरावेदनमा उठाइएको जिकिर यथावत रहेको र प्रस्तुत पुनरावेदन पत्रको रोहबाट विपक्षी कार्यालयहरुको निर्णय जाँची इन्साफ दिन सकिने नै देखियो।

१५. अव पुनरावेदन पत्र हेर्दा करदाताले आफ्नो एकमात्र पुनरावेदन जिकिरमा मध्यमस्तरीय करदाता कार्यालयबाट कर निर्धारणको क्रममा करदाताले आफ्ना कर्मचारीलाई जारी गरेको औषत ऋण रकम रु.२,५०,८७,४९१।७३ को औषत ब्याजदर ११.४० प्रतिशतले हुने रकम रु.२८,५९,९७४।०५ लाई आयकर ऐन, २०५८ को दफा ८(२)(ग) र दफा २७(१)(घ) अनुसार परिमाणीकरण गरी सम्बन्धित कर्मचारीको आयमा समावेश गरी

पारिश्रमिक कर दाखिला गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा सो नगरी जम्मा रु.१०,७७,८०६।६४ मात्र कर्मचारीहरुको आयमा समावेश गर्ने गरी विवरण पेश गरेको भन्ने व्यहोरा कानूनसम्मत नभएको भनी उल्लेख गरेको देखिन्छ। मध्यमस्तरीय करदाता कार्यालयबाट पुनरावेदक करदातालाई मिति २०७७।०३।२४ मा जारी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको सूचनामा आ.व. २०७२/०७३ को कर परीक्षणको क्रममा करदाताले पेश गरेको विवरणमा उल्लेख भए बमोजिम संस्थाका कर्मचारीहरुलाई सहुलियत दरमा रु.२,५९,२०,९२९।- रकम कर्जा उपलब्ध गराएको, सो औषत ऋण रकम रु.२,५०,८७,४९१।७३ रहेकोले संस्थाले गरेको ऋण लगानी तथा सोबाट प्राप्त ब्याज आम्दानीको औषत दर गणना गर्दा ११.४० प्रतिशतले हुने रकम रु.२८,५९,९७४।०५ भएको, औषत ब्याजदर बराबरको रकमलाई आयकर ऐन, २०५८ को दफा ८(२)(ग) तथा दफा २७(१)(घ) अनुसार परिमाणीकरण गरी सम्बन्धित कर्मचारीको आयमा समावेश गरी पारिश्रमिक कर दाखिला गर्नुपर्नेमा सो बमोजिम नगरी जम्मा रु.१०,७७,८०६।६४ मात्र कर्मचारीहरुको आयमा समावेश गरेकोले रु.१६,०१,३६६।८६ मा अग्रिम कर माग गर्नु पर्ने भन्ने व्यहोरा उल्लेख भएको देखियो। करदाताले मिति २०७७।०४।०६ मा मध्यमस्तरीय करदाता कार्यालयमा पेश गरेको जवाफमा कुल कर्जा रकम मध्ये रु.५४,३१,३१९।— कर्मचारीलाई तलव पेश्कीको रुपमा दिएको हुनाले कर्जामा समावेश नगरिएको, यस बैंकले आ.व. २०७२/०७३ मा कर्मचारीलाई दिएको कर्जामा, ७% ब्याजदर लिएको र त्यस आर्थिक वर्षमा साधारण ऋण ब्याजदर ११.०४% भएकोले ४.०४% को दरले हुन आउने ब्याज रकम मात्र कर्मचारीको तलवमा कर कट्टी प्रयोजनको लागि समावेश गर्नु पर्ने हुँदा दफा २७(१)(घ) बमोजिम नै समावेश गरिएको भन्ने जिकिर लिएको देखियो। करदाताले आफ्नो बैंकमा कार्यरत कर्मचारीले एकमुष्ठ रुपमा साँवा तथा व्याज भुक्तानी गरेको रकमको स्टेटमेन्ट समेत रहेको भनी मिसिल सामेल गरेको देखिन्छ। यसरी करदाताले  आफूले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन बमोजिम अग्रिम कर भुक्तानी गरी सो को भौचर समेत दाखिला गरेको भन्ने जिकिर लिएकोमा सो जिकिरको सम्बन्धमा निर्णय पर्चामा कुनै विवेचना नगरी आ.व. २०७२/०७३ मा करदाताबाट आयकर ऐन, २०५८ को दफा २७(१)(घ) को परिपालना नभएको ठोस आधार समेत उल्लेख गर्न सकेको पाइएन। यस्तो निर्णयलाई न्यायोचित मान्न मिलेन। साथै, आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०८।१८ मा भएको निर्णयमा समेत करदाताले कानून बमोजिम फरक ब्याज वापतको रकम आयमा समावेश गरी अग्रिम कर दाखिल गरिसकेको भन्ने पुनरावेदकको जिकिरलाई ठोस रुपमा संबोधन गरेको देखिएन।

त्यसैले प्रत्यर्थी कार्यालयहरुको निर्णय बदर गरी पुनःनिर्णयको लागि फाइल शुरुमा पठाउनु पर्ने देखियो।

१६. अतःमाथि विवेचित आधार एवं कारण समेतबाट करदाता साविक सेवा विकास बैंक हाल कामना विकास बैंक लिमिटेड (स्थायी लेखा नं.३०२४६०८७०) आ.व.२०७२।०७३ मा बुझाउनुपर्ने अग्रिम कर वापतको रकम नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम असुल गरी आयकर कार्यालयमा दाखिल गरिसकेको भन्ने करदाताको जिकिर रहेकोमा सो सम्बन्धमा कुनै विवेचना नगरी करदातासँग अग्रिम कर माग गर्ने गरी मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७७।०४।०८ मा भएको आदेश र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०८।१८ मा भएको निर्णय समेत मिलेको नदेखिँदा बदर गरिएको छ। अव करदाता साविक सेवा विकास बैंकको आ.व.२०७२।०७३ मा दाखिल गर्नुपर्ने अग्रिम कर दाखिल भएको हो वा होइन भन्ने सम्बन्धमा अभिलेखबाट यकिन गरी कुन कुन दायित्व वापत के कति रकम दाखिल गरेको हो भन्ने सम्बन्धमा करदाताबाट प्रमाण दाखिल गराउन परे सो समेत गरी पुनःनिर्णय गर्नू भनी फाइल मध्यमस्तरीय करदाता कार्यालयमा पठाईदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम करदाता साविक सेवा विकास बैंक हाल कामना विकास बैंक लिमिटेड (स्थायी लेखा नं.३०२४६०८७०) आ.व.२०७२।०७३ मा बुझाउनुपर्ने अग्रिम कर वापतको रकम नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम असुल गरी आयकर कार्यालयमा दाखिल गरिसकेको भन्ने करदाताको जिकिर रहेकोमा सो सम्बन्धमा कुनै विवेचना नगरी करदातासँग अग्रिम कर माग गर्ने गरी मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७७।०४।०८ मा भएको आदेश र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०८।१८ मा भएको निर्णय समेत बदर भएकोले करदाता साविक सेवा विकास बैंकको आ.व.२०७२।०७३ मा दाखिल गर्नुपर्ने अग्रिम कर दाखिल भएको हो वा होइन भन्ने सम्बन्धमा अभिलेखबाट यकिन गरी कुन कुन दायित्व वापत के कति रकम दाखिल गरेको हो भन्ने सम्बन्धमा करदाताबाट प्रमाण दाखिल गराउन परे सो समेत गरी पुनःनिर्णय गर्नू भनी यो फैसला सहितको फाइल मध्यमस्तरीय करदाता कार्यालयमा पठाईदिनू।
२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः- प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र १२ गते रोज १ शुभम् ----------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप